अनुसूची - १०

(दफा ९ को उपदफा (२) संग सम्बन्धित)

नेपाल सरकार

गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल, नेपाल

# नं.२ छिन्नमस्ता बाहिनी मुख्यालय, महोत्तरी

## प्रबन्ध शाखा

## जिन्सी मालसामानहरु तथा मो.सा.को लिलाम बिक्री सम्बन्धी बोलपत्र आह्वानको सूचना

सुचना नं.- १ (२०८०/०८१)

**प्रथम पटक सूचना प्रकाशित मिति २०८०।१०।१८ गते ।**

आ.व. ०८०/०८१ मा यस सशस्त्र प्रहरी बल, नेपाल नं.२ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीमा तपशिल बमोजिमका जिन्सी मालसामानहरु तथा मो.सा. जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नु पर्ने भएकोले खरिद गर्न ईच्छुक ब्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखित शर्तहरुको अधिनमा रही निम्न उल्लेखित मिति र समय भित्र सिलबन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | मालसामानहरुको बिवरण | न्यूनतम मूल्य रु. (मू.अ.कर बाहेक) | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | जिन्सी मालसामानहरु तथा Hero Honda Bike बा. १ ब. ६६६६ | रु. १,५६,९५५।- | रु. १०००।- | मो.सा. नामसारी नहुने |

१. बोलपत्र फारम सशस्त्र प्रहरी बल, नेपाल नं.२ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र मिति २०८०।१०।२४ गते (कार्यालय समय भित्र बोलपत्र फारम तोकिएको दस्तुर फिर्ता नहुने गरी) राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, जलेश्वर स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयको राजश्व खाता नं. १०००१००२०००१०००० कार्यालय कोड नं. ३१४०५१८०१ राजश्व शिर्षक नं. १४२१२, मा बुझाई सक्कल राजश्व दाखिला भौचर सहित बोलपत्र दाताको फर्म दर्ता प्रमाणपत्र वा ईच्छुक ब्यक्ति भएमा नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी बोलपत्र फारम प्राप्त गर्न सकिने छ ।

२. बोलपत्र फारम ८ औं दिन मिति २०८०।१०।२५ गतेको १२:०० बजे भित्र सशस्त्र प्रहरी बल, नेपाल नं.२ छिन्नमस्ता बाहिनी मुख्यालय, महोत्तरी प्रबन्ध शाखामा दर्ता गराई सक्नु पर्नेछ, दाखिला भएका बोलपत्र फारमहरु सोही दिनको १३:०० बजे यसै कार्यालयमा खोलिनेछ । बोलपत्र फारम बिक्री, दाखिला र खोलिने दिन कारण बस सार्वजनिक विदा पर्न गएमा विदा पछाडीको पहिलो कार्यालय खोलेको दिनको सोही समयमा गरिने छ ।

३. बोलपत्र दाताले बोलपत्रमा कबोल गरेको कूल रकमको १० (दश) प्रतिशतले हुने रकममा नघटाई सशस्त्र प्रहरी बल नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय, महोत्तरीको कार्यालय कोड नं.

३१४०५१८०१, कोष तथा लेखा नियन्त्रक कार्यालय महोत्तरीको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, जलेश्वर धरौटी खाता नं. १२७००१००१०२०३०००० मा नगदै जम्मा गरी सोको सक्कलै भौचर वा ९० (नब्बे) दिन मान्य अवधिको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (विड वण्ड) बोलपत्र साथ पेश गर्नु पर्नेछ।

४. स्वीकृत बोलपत्र दाताले बोलपत्र स्वीकृतीको जानकारी पाएको १० (दश) दिन भित्र आफुले कबोल गरेको रकममा नियमानुसार लाग्ने मू.अ.कर १३ (तेह्र) प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम दाखिला पश्चात सम्झौता गरी सामान लैजानु पर्नेछ । तोकिएको समय भित्र लिलाम सकार गरेको सवारी साधनहरु नियमानुसार उठाई नलगेमा बोलपत्र जमानत बापतको रकम नियमानुसार जफत गरी प्रचलित कानून बमोजिम कारवाही गरिने छ ।

५. उल्लेखित सवारी साधनहरु हेर्न वा लिलाम सम्बन्धी थप कुराहरु बुझ्नु परेमा यस सशस्त्र प्रहरी बल, नेपाल नं.२ छिन्नमस्ता बाहिनी मुख्यालय, महोत्तरीमा कार्यालय समय भित्र आई हेर्न र बुझ्न सकिने छ वा यस कार्यालयको सम्पर्क नं. ९८५१२७२०२४ मा सम्पर्क राखि आवश्यक जानकारी लिन सकिनेछ ।